# लौठसल्ला संरक्षण, दिगो प्रयोग अवसर र अबको बाटो



- लौठसल्ला वासस्थान विनाश, चोरी कटान, वन डढेलो, अव्यवस्थित संकलन अभ्यास आदिका कारण प्राकृतिक रुपमा हराउँदो अवस्थामा छ ।
- यसको व्यवसायिक खेतीको प्रचुर सम्भावना हुँदाहुँदै पनि अव्यवस्थित व्यापारका कारण स्थानियहरु दीर्घकालिन आर्थिक लाभबाट बन्चित छन् ।
- लौठसल्ला प्रजातिहरुको प्राकृतिक वासस्थानको जगेर्ना गर्नु हजारौं कृषकको जनजीवन र देशको सम्वृद्धिका लागि पनि महत्वपूर्ण छ ।

लौठसल्ला एक औषधीय गुण भएको सल्ला वर्गभित्र पर्ने रुख जातिको वनस्पति हो । यो जाति अन्तर्गत संसारभर १४ प्रजाति छन्। नेपालमा यसको ३ प्रजाति पाइएको छ । यसलाई विभिन्न आधुनिक तथा परम्परागत औषधीय पद्दतिमा प्रयोग गरिन्छ । यसको पातमा हुने रसायन आधुनिक चिकित्सामा विशेष गरी क्यान्सरको उपचारमा प्रयोग हुन्छ । नेपाल सरकारले लौठसल्लालाई आर्थिक विकासका लागि प्राथमिकताप्राप्त वनस्पतिहरुको सूचिमा समावेश गरेको छ ।



## लौठसल्ला खेती सम्भाव्यता

लौठसल्ला नेपालका अधिक व्यापारमा रहेका औषधीय वनस्पतिहरुमध्ये पर्दछ । निरन्तर व्यापारिक माग भएकै कारण कतिपय स्थानीय सामुदायिक वन तथा निजी जमिनमा लौठसल्ला खेती गरिँदै आएको छ । व्यवसायिक खेतीबाट स्थानीयहरुले आर्थिक लाभ पनि प्राप्त गरिरहेको छन् । प्रचुर सम्भावना भएतापनि लौठसल्लाको खेती र व्यापार भने व्यवस्थित हुन सकेको छैन ।

## हराउँदै प्राकृतिक वासस्थानमा लौठसल्ला

लौठसल्ला खेतीमा स्थानियको आकर्षण बढ्दै गएतापनि प्राकृतिक रुपमा यसको संख्या निकै कम रहेको छ । नेपालमा प्राकृतिक अवस्थामा ट्याक्सस वालिचियाना, ट्याक्सस माईरेई र ट्याक्सस कन्टोर्टा गरी ३ प्रजातिहरु भेटिएका छन् । दिगो संकलन ज्ञानको कमी, चोरी कटान, वन डढेलो, वासस्थान विनाश, जलवायु परिवर्तन आदिका कारण यिनीहरु थप संकटमा छन् । साथै एकातर्फ न्यूनतम पुनरुत्पादन क्षमता र अर्कोतर्फ प्राकृतिक रुपमा उम्रने बेर्नाको चोरी संकलन हुनाले लौठसल्ला झनै समस्यामा रहेका छन् ।

नेपालमा वालिचियाना प्रजाति पश्चिममा बाग्लुङ जिल्लादेखि पूर्वी नेपालको ताप्लेजुंगसम्म, कन्टोर्टा प्रजाति पश्चिममा दार्चुलादेखि गोरखा जिल्लासम्म र माइरेई प्रजाति मध्य नेपालको महाभारत पर्वत शृंखलाका वनहरुमा पाईएका छन्। वालिचियाना प्रजाति समुद्री सतहबाट करीब २२०० देखि ३५०० मिटर , कन्टोर्टा प्रजाति २००० देखि ३५०० मिटर, र माइरेई प्रजाति करिब १३०० देखि २७०० मिटरसम्मको भौगोलिक उचाईमा पाईएका छन् ।

## बहुउपयोगी रूख

लौठसल्लाको पात र हाँगामा हुने सारतत्व क्यान्सरको उपचारमा उपयोगी हुन्छ । वैज्ञानिक रुपमा प्रमाणित नभएतापनि विभिन्न स्थानीय स्तरमा श्वासप्रश्वास सम्बन्धी रोग, दम, मधुमेह, छारेरोग, सर्पदंश, आदिको उपचारमा प्रयोग भएको पाइन्छ। यसका काठहरु बलिया हुने भएकाले मन्दिर, गुम्बा, विभिन्न धार्मिक संरचना निर्माणमा प्रयोग भएको पाईन्छ । बहुउपयोगी भएकै कारणले पनि प्राकृतिक लौठसल्लाको अवस्था जोखिममा छ ।

## अवसर सँगै चुनौती

लौठसल्ला रोपणले प्राकृतिक रुपमा रहेका वनस्पतिको संरक्षण सँगै स्थानीय कृषकहरुको आय आर्जनमा टेवा पुग्दछ । यसै कारण लौठसल्लाको रोपण र व्यवसायिक खेती देशभर नै हुँदै आएको छ । विगत एक दशक देखि माइरेई र वालिचियाना प्रजातिका लौठसल्ला रोपण प्राथमिकतामा छन् । माइरेई लौठसल्लाको वयस्क प्राकृतिक संख्या करिब १००० हाराहारीमा छन् तर संरक्षणमा भने पर्याप्त चासो पाइएको देखिँदैन ।

निजी जग्गामा रोपण गरिएका बेर्ना वयस्क भई आम्दानी प्रदान गर्ने अवस्थामा पुग्नाका लागि कृषकले धेरै समय र आर्थिक लगानी खर्चिनु पर्ने हुन्छ । तर यसमा निर्भर कृषकहरुले रोपण, संकलन र व्यापार चुनौतीका कारण उचित लाभ लिन सकेका छैनन् ।

| रोपण | संकलन | व्यापार |
|---|---|---|
| • असल खेती प्रविधि र अभ्यासका बारेमा पर्याप्त ज्ञान नहुनु<br>• कुन प्रजाति कहाँ र कति मात्रामा रोपण गर्ने भन्ने बारेमा अन्योलता रहनु<br>• सामुदायिक र राष्ट्रिय वनहरुमा रोपणपश्चात निगरानी नहुनु<br>• नर्सरी व्यवस्थापनमा उचित स्रोतसाधन र ज्ञान नहुनु | • प्राकृतिक वासस्थानमा रहेका लौठसल्लाहरुको चोरी कटान हुनु<br>• दिगो संकलनका लागि वैज्ञानिक विधिको अभ्यास नहुनु<br>• संकलन पश्चातका सुकाउने, भण्डारण गर्ने आदिजस्ता विधि र उपकरण नहुनु<br>• प्राकृतिक वासस्थानमा उम्रिएका बेर्नालाई जथाभावी उखेल्नु | • संकलन परिमाण र बिक्री दरको पारदर्शिता नहुनु<br>• न्यूनतम बिक्रीदरका कारण लौठसल्ला कृषकको आर्थिक र समय लगानी बापतको लाभ प्राप्त नहुनु<br>• सम्बन्धित निकायबाट संकलन र व्यापार अनुमति प्रक्रियामा समय लाग्नु<br>• लौठसल्ला बिक्री तथा आपूर्ति श्रृंखलामा अनिश्चितता रहनु<br>• उत्पादित बेर्नाहरुले उचित बजार नपाउनु |

## प्राकृतिक वासस्थानमै लौठसल्ला संरक्षण महत्वपूर्ण

लौठसल्ला बिस्तारै हुर्कने र वयस्क अवस्थामा पुग्नाका लागि लामो समय लाग्ने प्रजाति हो । यसको प्राकृतिक संख्या अन्य वनस्पति प्रजातिको तुलनामा निकै कम छ । यसका साथै लौठसल्ला प्रजातिहरुको प्राकृतिक पुनरुत्पादन प्रक्रिया जटिल हुनु, बेर्ना सर्नाका लागि संवेदनशील वातावरणको आवश्यकता पर्नुका साथै वासस्थान विनाश, अत्याधिक चोरी कटान, डढेलो, आदिका कारण समस्या चुलिएको छ । लौठसल्ला हुर्कन विशेष पारिस्थिकीय परिवेशको आवश्यकता पर्ने भएकाले यस्ता प्रजातिहरुको प्राकृतिक वासस्थानको जगेर्ना गर्नु हजारौं किसानको जनजीवन र देशको राजस्व वृद्धिका लागि पनि महत्वपूर्ण छ ।

### नीति

नेपाल सरकारको वन ऐन २०७६ मा लौठसल्लालाई संरक्षित सूचिमा राखिएको छ । यसका सबै प्रजातिहरुलाई संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धी (साइटिस) को अनुसूचि २ मा संलग्न गरिएको छ । साथै विश्व प्रकृति संरक्षण कोषको रातो सूचिले कन्टोर्टा र वालिचियानालाई संकटापन्न (Endangered) तथा माइरेईलाई संवेदनशील (Vulnerable) को सूचिमा राखेको छ । यी सबै नीतिहरुले लौठसल्लाको संरक्षण र दिगो प्रयोगका लागि सुझाव दिन्छन् ।

साइटिस ऐन २०७३ अनुसार प्राकृतिक वासस्थानको लौठसल्ला संकलन र व्यापार साइटिस व्यवस्थापन निकायले निर्माण गर्ने लौठसल्ला प्रजाति व्यवस्थापन योजना (Species Management Plan) बमोजिम हुन्छ । हालको अवस्थामा प्राकृतिक वासस्थानमा लौठसल्ला संकलनलाई बर्जित गरेको छ। खेती गरिएका अवस्थामा भने संकलन गर्नुपूर्व वातावरणीय अध्ययनको सुझाव अनुसार सम्बन्धित डिभिजन वन कार्यालयबाट संकलन र ओसारपसार अनुमति प्राप्त गर्नु आवश्यक हुन्छ । देश बाहिर निर्यात गर्नाका लागि वन तथा भू-संरक्षण विभागबाट अनुमति लिनुपर्ने हुन्छ ।



*अनुचित रुपमा संकलन गरिएको लौठसल्लाको रुख*

## सरोकारवालाहरूको भूमिका

लौठसल्लालाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षण कानूनहरुमा सूचिबद्ध गरिएको छ । यद्यपि यो मात्रै पर्याप्त छैन । प्राकृतिक वासस्थानमा हाल भईरहेको विनाश, अवैध संकलन, आदिका साथै खेतीमा देखिएको चुनौती न्यूनिकरणका लागि यस प्रजाति संरक्षणका सरोकारवालाहरुको निम्नानुसारको भूमिका हुनसक्छ ।

### साइटिस व्यवस्थापन निकाय (वन तथा भू-संरक्षण विभाग)

- संकलन र बिक्री गर्नुपूर्व कृषकबाट प्राप्त भएका अनुमति मागका आधारमा अनुमति प्रदान गर्ने र आवश्यकता अनुसार कोटा, संकलन मात्रा पहिचान आदि कार्यमा सहजीकरण गर्ने
- संरक्षणका लागि कार्ययोजना निर्माण गरी लागू गर्ने
- व्यापार सहजीकरणका लागि कृषक, संकलक, व्यापारी र प्रशोधन केन्द्रसँग समन्वय गर्ने

### साइटिस वैज्ञानिक निकाय (वनस्पति विभाग)

- साइटिस व्यवस्थापन निकायले अध्ययन, अनुसन्धान, संरक्षण आदिका लागि परामर्श माग गरेको अवस्थामा परामर्श उपलब्ध गराउने
- दिगो संकलन तथा व्यापार प्रवर्द्धनका लागि नन डेट्रीमेन्टल फाइण्डिङ (Non–Detrimental Finding) प्रतिवेदन बनाउने र अनुगमन गर्ने
- सो कार्यमा संलग्न पक्षलाइ आवश्यक सहयोग र प्रोत्साहन गर्ने र  सम्बन्धित निकाय वा संघसंस्थालाई यसको अध्ययनका, अनुसन्धान तथा संरक्षणका लागि ध्यानाकर्षण गराउने

### प्रदेश सरकार

- मातहतका कार्यालयहरुमार्फत नियमित लौठसल्ला संरक्षण कार्यक्रम संचालन गर्ने
- लौठसल्लाको खेती र संरक्षणमा सक्रिय किसानहरुलाई प्रोत्साहनस्वरूप अनुदान प्रदान गर्ने
- प्रशोधनका उद्योग निर्माण तथा संचालन र पारदर्शी व्यापार प्रवर्द्धनका लागि पहल गर्ने

### डिभिजन वन कार्यालय

- लौठसल्ला प्रजातिहरुलाई सामुदायिक वन कार्ययोजनामा समावेश गराउन निर्देशन दिने र यस सम्बन्धित कार्यहरु सहजीकरण गराउने
- आफ्नो कार्यक्षेत्र भित्र प्राकृतिक रुपमा रहेका वासस्थान, संरक्षणका चुनौती, आदि पहिचान गर्दै प्राकृतिक वासस्थानको अनुगमन र संरक्षण गर्ने
- स्थानीय स्तरमा खेतीविस्तार, व्यापार सहजीकरण आदि कार्यहरुमा स्व-स्फूर्त भूमिका खेल्ने

### स्थानीय सरकार

- प्राकृतिक लौठसल्लाको मुख्य वासस्थान रहेका क्षेत्रहरुमा जथाभावी संरचना बनाउन अनुमति नदिने
- संरक्षण सचेतना वृद्धिका लागि स्थानीय पाठ्यक्रममा लौठसल्ला लगायतका संकटमा रहेका वन्यजन्तु तथा वनस्पतिबारे जानकारी संलग्न गर्ने
- लौठसल्लासम्बन्धी स्थानीय स्तरमा संरक्षण, अनुसन्धान र खेती तथा व्यापार कार्यक्रमहरुलाई सघाउने

### सामुदायिक वन

- वनक्षेत्रमा रहेको प्राकृतिक लौठसल्ला प्रजातिहरुको वासस्थान पहिचान र संख्या एकिन गर्ने
- कार्ययोजनामा संरक्षण, पुनर्स्थापना, दिगो संकलन सम्बन्धी कार्यक्रम संलग्न गर्ने
- चोरीकटानी नियन्त्रण गरी संरक्षण सचेतना जगाउने

### थप जानकारी र प्रतिक्रियाका लागि


लेखक : रेशु बस्याल, प्रकाश पौडेल, कमल मादेन, कुमार पौडेल

ग्रिनहुड नेपाल

काठमाडौं -०२, बालुवाटार, फोन नं : ०१-४५०४४४४

इमेल : info@greenhood.org | वेभ : www.greenhood.org


ग्रिनहुड नेपाल विज्ञानमा आधारित एक गैह्र सरकारी तथा गैह्र नाफामूलक सामाजिक संस्था हो । यसले प्राकृतिक स्रोतहरुको संरक्षण र दिगो प्रयोगबारे अध्ययन अनुसन्धान गरी स्थानीय समुदाय र सरोकारवालाहरुलाई सघाउने गर्दछ।